# आकाशवाणी समाचार- नेपाली

मितिः ०४ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिज कोलकातामा जल मेट्रो सेवा सुरु गर्ने घोषणा गर्नु भएको छ ।
- पश्चिम बंगालको विधानसभामा राष्ट्रीय ई-विधान एप्लिकेशन (नेवा) के क्रियान्वयनको लागी हिज त्रिपक्षीय सम्झौता पत्रमा हस्ताक्षर भएको छ।
- रेलमन्त्री अश्विनी वैष्णव भोलि पश्चिम बंगालको भ्रमणमा रहनुहुनेछ। जहाँ उहाले रोकिएका रेलपरियोजना प्रगतिका समीक्षा गर्नुहुनेछ ।
- पश्चिम बंगालको सत्तारुढ भारतीय जनता पार्टी सरकारले ग्रामीण प्रशासनिक प्रणालीलाई बलियो बनाउन पञ्चायत तहमा लामो समयदेखि रिक्त रहेका हजारौँ पदहरू भर्ने प्रक्रिया सुरु गरेको छ।
- पश्चिम बंगाल सरकारले १ जुलाई देखि नयाँ ग्रामीण रोजगार योजना "विकसित भारत-ग्रामीण रोजगार र आजीविका सम्बर्धन मिशन (वीबी-ग्रामीण-जी )शुरु गर्न लागेको छ।

**पश्चिम बंगाल - मुख्यमंत्री - राज्य जल परिवहन व्यवस्था**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिज कोलकातामा जल मेट्रो सेवा सुरु गर्ने घोषणा गर्नु भएको छ । सचिवालयमा केन्द्रीय जहाजरानी मन्त्री सर्वानन्द सोनोवालसँगको उच्चस्तरीय भेटपछि उहाँले यस आशयको जनाकारी दिनु भएको हो 1 यस बैठकमा राज्य र केन्द्रबीच जलमार्ग र बन्दरगाह विकाससँग सम्बन्धित धेरै महत्त्वपूर्ण मुद्दाहरूमा सहमति भएको छ। मुख्यमन्त्री श्री अधिकारीले कोलकातामा वाटर मेट्रो परियोजनालाई द्रुत गतिमा अघि बढाइने जानकारी दिनुहुदै यसले शहरको नदी मार्गमा परिवहन र थप सुविधाजनक तथा आधुनिक बनाइनेछ। उहाले यस पहलले राज्यमा जल यातायात को नयाँ युगको सुरुवात गर्नेछ र शहरी यातायातमा दबाब कम गर्न पनि मद्दत गर्ने बताउनु भएको छ। बैठकमा यो पनि निर्णय गरिएको छ कि राज्यमा कुल 44 जेटी निर्माण गरिनेछ, जबकि राष्ट्रिय जलमार्गका लागि 25 जेटीहरूको निर्माण अन्तिम चरणमा छ। बागबजार, अहिरिटोला, शोभाबजार, मल्लिकघाट, रामकृष्णघाट, बाँधघाटलगायतका मुख्य घाटको सौन्दर्यकरण मर्मतको काम भइरहेको छ। मुख्यमन्त्री श्री अधिकारीले गंगासागर मेलालाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्ने योजनामा पनि जोड दिनुभएको छ । कपिलमुनि आश्रम वरपरको तटीय क्षेत्रको विकास गरिने र तीर्थयात्रीले राम्रो सुविधा पाउने र पर्यटनलाई पनि बढावा दिने उहाले बताउनु भएको छ । यसका साथै कोलकाता बन्दरगाह क्षेत्रमा अवैध कब्जा र अवैध गतिविधिविरुद्ध कठोर कारबाही गर्न पनि निर्देश दिइएको छ।

**पश्चिम बंगाल विधानसभा -राष्ट्रीय ई-विधान एप्लिकेशन - त्रिपक्षीय समझौता**

पश्चिम बंगालको विधानसभामा राष्ट्रीय ई-विधान एप्लिकेशन (नेवा) के क्रियान्वयनको लागी हिज त्रिपक्षीय सम्झौता पत्रमा हस्ताक्षर भएको छ। यस सम्झौता संसदीय मामिला मन्त्रालय, पश्चिम बङ्गाल विधान सभा र राज्य सरकारबीच हस्ताक्षर भएको थियो। यस अवसरमा केन्द्रीय संसदीय मामिला एवम् अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजू, कानून एवम् न्याय तथा संसदीय मामिला राज्य मन्त्री अर्जुन राम मेघवाल , सूचना तथा प्रसारण राज्य मन्त्री डा. एल. मुरुगन उपस्थित हुनुहुन्थ्यो। यस अवसरमा पश्चिम बङ्गाल विधानसभाका अध्यक्ष पनि उपस्थित थिए। पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारी भिडियो कन्फरेन्समार्फत कार्यक्रममा भाग लिनुभएको थियो । यस अभियानको स्वागत गर्नुहुदै मुख्यमन्त्री सुवेन्दु अधिकारीले प्रौद्योगिकीको माध्यमबाट शासन संस्थालाई आधुनिकीकरण गर्न राज्य सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ ।

**रेल मंत्री अश्विनी वैष्णव**

रेलमन्त्री अश्विनी वैष्णव भोलि पश्चिम बंगालको भ्रमणमा रहनुहुनेछ। जहाँ उहाले रोकिएका रेलपरियोजना प्रगतिका समीक्षा गर्नुहुनेछ । उहाले नबन्ना सभागारमा मुख्यमन्त्री सुवेन्दु अधिकारीसँग उच्चस्तरीय बैठक गर्नुहुनेछ। जसमा पूर्वी रेलवे, दक्षिण पूर्वी रेलवे, पूर्वोत्तर सीमान्त रेलवे र मेट्रो रेलवेका महाप्रबन्धकहरू पनि सामेल हुनेछन्। संसदको रेल सम्बन्धी स्थायी समिति सदस्यहरू पनि शनिबार दिउँसो कोलकाता पुग्नेछन्। साँझ उनीहरुले रेलसँग सम्बन्धित विभिन्न संगठनहरु सँग बैठक गर्नुहुनेछ ।

**पश्चिम बंगाल रिक्त पद -भर्ती**

पश्चिम बंगालको सत्तारुढ भारतीय जनता पार्टी सरकारले ग्रामीण प्रशासनिक प्रणालीलाई बलियो बनाउन पञ्चायत तहमा लामो समयदेखि रिक्त रहेका हजारौँ पदहरू भर्ने प्रक्रिया सुरु गरेको छ। यस अन्तर्गत ग्राम पञ्चायत, पञ्चायत समिति र जिल्ला परिषद स्तरमा कुल ६ हजार १ सय ३६ पदहरूमा भर्ती गरिनेछ।ग्रामीण विकास विभागले सार्वजनिक गरेको आकड़ा अनुसार राज्यमा हाल १२ हजार ८२८ पद रिक्त छन् । जसमध्ये ग्राम पञ्चायतमा ११ हजार ५ सय ४८, पञ्चायत समितिमा ६ सय ३० र जिल्ला परिषदमा ६ सय ५० पद रिक्त छन्। यी पदहरूलाई ध्यानमा राख्दै, सरकारले विभिन्न स्तरहरूमा भर्ती प्रक्रियालाई अगाडि बढाउने निर्णय गरेको छ।

**पश्चिम बंगाल - केंद्रीय ग्रामीण विकास योजना**

पश्चिम बंगाल सरकारले १ जुलाई देखि नयाँ ग्रामीण रोजगार योजना "विकसित भारत-ग्रामीण रोजगार र आजीविका सम्बर्धन मिशन (वीबी-ग्रामीण-जी )शुरु गर्न लागेको छ। ग्रामीण विकास मन्त्री दिलीप घोषले हिज उक्त घोषणा गर्नुभएको हो । उहाले भन्नुभयो - महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी योजना (मनरेगा), जसलाई सामान्यतया १०० दिने रोजगार कार्यक्रम भनिन्छ, जो १ जुन देखि राज्यमा पुन: सुरु गरिएको छ। यो योजना मार्च २०२२ देखि रोकिएको थियो।नयाँ VB-ग्रामीण-G योजना अन्तर्गत, योग्य जब कार्ड धारक परिवारहरूलाई प्रति वर्ष अधिकतम 125 दिनको रोजगार सुनिश्चितता गरिनेछ, साथै न्यूनतम 60 दिनको रोजगार को गेरेंटी दिइनेछ । यस योजनाले राज्यका लगभग २.५६ करोड जबकार्ड धारकहरूलाई समेट्ने सम्भावना छ।यस योजनाको कोष केन्द्र र राज्य सरकारबीच ६०:४० को अनुपातमा साझा गरिनेछ। यसको वार्षिक खर्च १२ हजार ८ सय ५० करोड रुपियाँ भन्दा अधिक हुने अनुमान गरिएको छ, जसले यस राज्यको सबैभन्दा ठूलो ग्रामीण रोजगार योजनाहरू मध्ये एक बनाउँछ। मंत्री घोषले पश्चिम बंगाल सरकारको ग्रामीण विकास विभागले कथित भ्रष्टाचारको बढ्दो आरोपका बीच राज्यका ग्राम पञ्चायतहरूमा व्यापक विशेष अडिट सुरु गर्ने निर्णय गरेको बताउनु भएको छ।

**पश्चिम बंगाल - मंत्री अग्निमित्रा पाल -स्वास्थ्य सेवा -कारवाही**

पश्चिम बंगालका मन्त्री तथा भाजपा विधायक अग्निमित्रा पालले आसनसोल जिल्ला अस्पतालमा रोगी कल्याण समितिका पदाधिकारीहरूसँग समीक्षा बैठक गर्नुभयो। स्वास्थ्य सेवाको समीक्षा बैठकपछि अस्पताल प्रशासन, चिकित्सक र स्टाफलाई कडा सन्देश दिइएको छ । उहले सरकारी अस्पतालमा बिरामीमाथि हुने लापरबाही, अनुशासनहीनता र दुर्व्यवहार कुनै पनि हालतमा सहन नगरिने स्पष्ट पार्नुभएको छ ।मन्त्री पालले कुनै बिरामी वा निजका परिवारका सदस्यलाई अस्पतालमा कुनै प्रकारको असुविधा भएमा, कुनै डाक्टर, नर्स वा स्टाफबाट दुर्व्यवहार भएमा वा स्वास्थ्य सेवामा कुनै प्रकारको अनियमितता देखिएमा आफ्नो नामसहित जानकारी गराउन सर्वसाधारणलाई अपिल गर्नुभएको छ । यसका लागि एक सोसल मिडिया नम्बर पनि जारी गरिनेछ, जहाँ मानिसहरुले आफ्नो गुनासो दर्ता गर्न सक्नेछन्।

**पश्चिम बङ्गाल सरकार- सेभोक-रंगपो रेलवे परियोजना -जमिन**

पश्चिम बङ्गाल सरकारले रणनीतिक रूपमा महत्त्वपूर्ण सेभोक-रंगपो रेलवे परियोजनालाई सहयोग पुर्याउन जलपाईगुडी जिल्लामा २० एकड सरकारी जमिन हस्तान्तरण गर्न अनुमोदन गरेको छ, जसले पश्चिम बंगाल र सिक्किमबीचको रेल सम्पर्कलाई बलियो बनाउनेछ। हिज बसेको राज्य मन्त्रिमण्डलको बैठकमा यो निर्णय लिइएको थियो।।

**पश्चिम बंगाल सरकार - सेवानिवृत्त कर्मचारियोंमहंगाई भत्ता -भुगतान शुरू**

पश्चिम बंगाल सरकारले राज्यका सेवानिवृत्त कर्मचारीहरु र उनीहरूका परिवारका सदस्यहरूलाई लामो समयदेखि थाँतीमा रहेको महँगाई राहत (डीआर) र महँगाई भत्ता (डीए) भुक्तान गर्न सुरु गरेको छ। नवन्नाले जारी गरेको जानकारी अनुसार , बर्ष २००८ देखि बर्ष २०१५ सम्मको अवधिको बाँकी रकम चरणबद्ध रूपमा भुक्तानी भइरहेको छ। २९ मई मा नवन्नाले जारी गरेको अधिसूचनामा स्पष्ट गरिएको छ कि यदि कुनै कर्मचारी वा पेन्सनधारीको मृत्यु भएको छ भने, यस्तो अवस्थामा उनीहरूको नामित व्यक्ति वा कानूनी उत्तराधिकारीलाई बक्यौता भुक्तानी गरिनेछ। सरकारका अनुसार, भुक्तानी प्रक्रियाका क्रममा धेरै केसमा लाभार्थीहरुको मृत्यु भएको पाइएको थियो, जसका कारण भुक्तानीमा तकनिकी तथा प्रशासनिक जटिलता उत्पन्न भएको थियो । यी समस्याहरू हटाउन नयाँ दिशानिर्देशहरू पहिले नै लागू गरिएको थियो। नयाँ व्यवस्था अनुसार कुनै कर्मचारी वा पेन्सनधारीले सदस्य दर्ता भएमा बाँकी रकम सिधै निजको बैंक खातामा जम्मा हुनेछ । यदि मनोनीत र पारिवारिक पेन्सनकर्ता समान छन् भने, भुक्तानी सिधै उनीहरूको खातामा गरिनेछ।यसैबीच, वित्त विभाग सुत्र अनुसार राज्य सरकारले सेवानिवृत्त कर्मचारीहरूको बक्यौता महँगी भत्ता (डीए) पनि तिर्न सुरु गरेको छ।

****** ० ******